## निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा शैलुङ गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भइरहेको सेवा प्रवाह,वडामा भइरहेका गतिविधिहरु, आगामी आ.व. २०८२/०८३ को बार्षिक कार्ययोजना कार्यान्वयन र गाउँ कार्यपालिकाबाट निर्णय भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गर्दै आइपरेका समस्याहरुको समस्या समाधान गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको तपसिल बमोजिमको प्रतिवेदन अनुमोदन गर्ने ।

तपसिल

गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिले विभिन्न मितिमा स्थलगत अनुगमन गरी तयार पारेको देहाय बमोजिमको गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिको प्रतिवेदन अनुमोदन गर्ने निणर्य गरियो।

### गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिको प्रतिवेदन

२६ चैत्र, २०८२ देखि २४ बैशाख २०८३ सम्म

यस शैलुङ गाउँपालिकाको आ. ब. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्झौता भै कार्यान्वयन भएका आयोजनाहरुको गाउँपालिका उपाध्यक्ष श्री पार्वती कार्की संयोजक रहनु भएको गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिले २०८२ चैत्र २६ देखि २०८३ बैशाख २४ गते सम्म स्थलगत अनुगमन गरी सो का आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

**अनुगमन गरिएका आयोजनाहरुः**

२०८२ चैत्र २६ गते

| क्र. सं. | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | घलेगाउँ सामुदायिक भवन | शैलुङ १ | |
| २ | कोलमखान सेवा समाज सामुदायिक भवन सिढी निर्माण | शैलुङ १ | |
| ३ | नमूना ढुङ्गेधारा तथा सिढी निर्माण | शैलुङ १ | |
| ४ | गणेशथान मन्दिर मर्मत | शैलुङ १ | |
| ५ | मानेबेसी कल्लाबारी सिंचाई | शैलुङ १ | |
| ६ | दुधपोखरी आवि सिसि क्यामरा जडन | शैलुङ १ | |
| ७ | गोल्मोखोला कल्लाबारी खानेपानी आयोजना | शैलुङ १ | |

२०८३ बैशाख ०२ गते

| क्र. सं. | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | वडा स्तरीय फड्के पुल/स्ल्याब निर्माण | शैलुङ ५ | |
| २ | स्वास्थ्यचौकी भौतिक व्यवस्थापन | शैलुङ ५ | |
| ३ | वडा स्तरीय गोरेटो बाटो निर्माण | शैलुङ ५ | |
| ४ | लप्टनटोल सडक | शैलुङ ५ | |
| ५ | देउराली कान्ले सिमलको रुख सिंचाई | शैलुङ ५ | |
| ६ | प्वारटोल घ्याङडाँडा सडक | शैलुङ ५ | |
| ७ | फापरखोरिया पिउसे ठुलोसिम सडक स्तरोन्नति | शैलुङ ५ | |
| ८ | वडा स्तरीय खानेपानी मुहान संरक्षण | शैलुङ ५ | |

२०८३ बैशाख २२ गते

| क्र. सं. | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | भोटेखर्क लहरेमाने सडक सोलिङ | शैलुङ ३ | |
| २ | मानेडाँडा चित्रे वडा जोड्ने सडक स्तरोन्नति | शैलुङ २ | |

२०८३ बैशाख २४ गते

| क्र. सं. | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | किटिनी गोठपानी सडक सोलिङ | शैलुङ ६ | |
| २ | गोठपानी सामुदायिक भवन अधुरो निर्माण | शैलुङ ६ | |
| ३ | गोठपानी मैदाने डाँडाखर्क जोम्साखोला सडक | शैलुङ ६ | |
| ४ | गुरुङगाउँ खानेपानी योजना अधुरो | शैलुङ ६ | |
| ५ | आहालेचौर सामुदायिक भवन निर्माण | शैलुङ ६ | |
| ६ | अधेरीखोला सिंचाई योजना | शैलुङ ७ | |
| ७ | फस्कु स्वास्थ्यचौकी खानेपानी व्यवस्थापन | शैलुङ ७ | |

**देखिएको स्थलगत अवस्थाः**

वडा नं १ को घलेगाउँ सामुदायिक भवनको कार्य सम्पन्न भएको । कोलमखान सेवा समाज सामुदायिक भवन सिढी निर्माणको कार्य अन्तिम चरणमा पुगेकोले समयमा नै कार्य सम्पन्न गरी पेश गर्न भनिएको । नमुना ढुङ्गेधारा तथा सिढी निर्माण शैलुङ १ को कार्य भएको तर धारामा पानी सञ्चालन गर्नुपर्ने देखिएकोले ढुङ्गेधारामा पानी सुचारु गर्न सुझाव दिइएको । गणेशथान मन्दिर मर्मत शैलुङ १ को कार्य भएको तर मन्दिर प्रङ्गणमा पानी जम्ने अवस्था देखिएको उक्त ठाउँलाई सुधार गर्नुपर्ने, मेशिनरी वाल थप लगाउनु पर्ने लगायतका सुधारका कार्य गर्न उपभोक्ता समितिलाई सुझाव दिइएको । मानेबेंसी कल्लाबारी सिंचाई योजनाको कार्य सम्पन्न भएको । गोल्मोखोला कल्लाबारी खानेपनी आयोजनामा कल्लाबारीको रिजर्भ ट्याङ्कीमा पानी ल्याई धारामा पानी सञ्चालन गर्नुपर्ने लगायतका सुधार गर्ने र पुनः अनुगमन गरी प्रक्रिया अघि बढाउने गरी निर्माण व्यवसायीलाई सुझाव दिइएको ।

वडा नं ५ को वडा स्तरीय फड्केपुल निर्माण, वडा स्तरीय गोरेटो बाटो निर्माण, स्वास्थ्य चौकी भौतिक व्यवस्थापन, प्वारटोल घ्याङडाँडा सडक समेतका योजनाको कार्य सम्पन्न भएको । देउराली कान्ले सिमलको रुख सिंचाई योजनाको मुहानमा पानी चुहिएको अवस्था भएको र पाइप राखिएको ठाउँमा टेवा पर्खाल भत्किएको अवस्था रहेकोले यी दुवै कार्य सम्पन्न गरी पेश गर्न निर्माण व्यवसायीलाई सुझाव दिइएको । त्यस्तै लप्टनटोल सडकको सोलिङ भएकोमा सागुखोलामा सोलिङको चौडाई कम भएकोले थप गरी पेश गर्न निर्माण व्यवसायीलाई भनिएको । फापरखोरिया पिउसे ठुलोसिम सडकको करिव ३० मीटर सडक सोलिङ बाँकी देखिएकोले सो कार्य सम्पन्न गर्न उपभोक्ता समितिलाई सुझाव दिइएको ।

वडा नं ३ मा राष्ट्रिय रोजगार कार्यक्रम अन्तरगत भएको भोटेखर्क लहरेमाने सडक सोलिङको कार्य सम्पन्न भएको । वडा नं २ को मानेडाँडा चित्रे वडा जोड्ने सडक सोलिङ कार्य सम्पन्न भएको तर साईड क्लियर गर्ने र नाला खुलाउने कार्य बाँकी देखिएकोले सो कार्य सम्पन्न गरी पेश गर्न उपभोक्ता समितिलाई सुझाव दिइएको ।

वडा नं ६ मा राष्ट्रिय रोजगार कार्यक्रम अन्तरगतको किटिनी गोठपानी सडक सोलिङको कार्य सम्पन्न भएको सोलिङमा हल्लिएका ढुङ्गाहरुमा चुकुल ठोक्ने कार्य समेतको सुधार गरी पेश गर्न समितिलाई सुझाव दिइएको । गोठपानी मैदाने डाँडाखर्क जोम्साखोला सडक सोलिङमा नालाले सोलिङका ढुङ्गा खुस्काएको अवस्था देखिएकोले सुधार गर्ने र सडक चौडा एवं सतह मिलाउने कार्य पूर्ण रुपमा सम्पन्न गर्न उपभोक्ता समितिलाई सुझाव दिइएको । गुरुङगाउँ खानेपानी अधुरो योजना शैलुङ ६ को कार्य सम्पन्न भएको तर सन्जय गुरुङको घरको धारामा पानी लिग भएकोले सुधार गरी पेश गर्ने, आहालेचौर सामुदायिक भवन निर्माण शैलुङ ६ मा सामुदायिक भवनको छानाको जस्ता खप्टिएको ठाउँमा सुधार गर्ने, रंगरोगनको कार्य सुधार गर्ने, झ्यालढोका जडान र चुकुल राख्ने समेतका कार्य बाँकी भएकोले सो कार्य समेत सम्पन्न गर्ने, गोठपानी सामुदायिक भवन अधुरो निर्माणको कार्य शुरुवात भएको देखिएकोले समयमा नै तोकिए बमोजिमको कार्य सम्पन्न गर्ने सुझाव दिइयो । फस्कु स्वास्थ्य चौकी खानेपानी व्यवस्थापनको कार्य भएको तर मुहानको सुरक्षाको लागि थप कार्य गरी पेश गर्न समितिलाई सुझाव दिइयो । अधेरीखोला सिंचाई शैलुङ ७ को कार्य सम्पन्न भएको तर कार्य सम्पन्न भएको स्थानमा मंगल निर्माण गरी पुरानो पाइपलाई जडान गरेर पानी सुचारु गर्नुपर्ने देखिएको छ ।

यसैगरी कतिपय आयोजनामा सूचनापाटी तोकिए बमोजिम नराखिएको देखिएको छ भने अधिकांश योजनामा राखिएका आयोजना सूचनापाटीलाई समेत प्रभावकारी बनाउन थप ध्यान दिनुपर्ने देखिएको छ। यस अवधिको सामाजिक सुरक्षा भत्ता वडा स्तरमा नै वितरण गर्ने क्रममा वडा नं ७ मा व्यवस्थित एवं सहज तरिकाले वितरण गरिएको अनुगमनका क्रममा देखिएको छ। त्यस्तै वडा नं ७ मा निजी आवास पुननिर्माणको कार्य शुरुवात भै तीव्र गतिमा काम भै रहेको देखिएको छ।

**निष्कर्ष:**

गाउँपालिका स्तरीय अनुगमन समितिको टोली तथा स्थानीय लाभग्राही समेतको सहभागितामा यस अवधिमा अनुगमन गरिएका आयोजनाको अवस्था समग्रमा विश्लेषण गर्दा सन्तोषजनक देखिएको छ। स्थानीय समुदायले अपनत्व लिनेगरी आयोजना जिम्मा लिने र मर्मत सम्भार लगायत नियमित सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिनेगरी संस्थागत विकास गर्न सकिएमा र वडा स्तरीय अनुगमन समितिको सक्रियता समेत थप बढाउन सकिएमा परिणाम अझ प्रभावकारी हुन सक्ने देखिएको छ। समग्रमा यस अवधिको अनुगमनबाट सन्तुष्ट हुने अवस्था भने देख्न सकिन्छ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बागमति प्रदेश सरकार, मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा, नेपालको च.नं. १७३९, मिति २०८३/०१/१४ को दरबन्दी सृजना/पुनरावलोकन तथा पद दर्ता सम्बन्धी पत्रानुसार नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८३/०१/०२ को निर्णय बमोजिम तीनै तहका लागि लागु हुने संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ स्वीकृत भई कार्यान्वयनमा आइसकेको अवस्थामा यस गाउँपालिकाको यस अघि भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण तथा दरबन्दीमा आवश्यक पुनरावलोकन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ७ (इ) मा उल्लेखित समितिलाई आवश्यक अध्ययम गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय दोलखाको च.नं. १५१९, मिति २०८३/०१/२१ गते पत्र तथा गृह मन्त्रालयको च.नं. ५५१, मिति २०८२/१२/२० को पत्रानुसार सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा यस गाउँपालिका क्षेत्र भित्रका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख तयार गर्ने प्रक्रिया अगाडी बढाउने ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आगामी आ.व. २०८३/०८४ को बजेट कार्यक्रम तर्जुमाको लागि तपसिल बमोजिमको कार्ययोजना स्वीकृत गर्ने ।

तपसिल

| सि नं | क्रियाकलाप | मिति | जिम्मेवार शाखा/निकाय | सहयोगी शाखा/निकाय | सहभागिता | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आ.ब २०८२।८३ को चालु अवधि सम्मको समिक्षा | २०८३ जेष्ठ | योजना शाखा | प्रशासन, आ.प्र, पूर्वाधार, शिक्षा, स्वास्थ्य | कार्यपालिका सदस्य, शाखा प्रमुख लगायत अन्य आमन्त्रित प्रतिनिधि | अध्यक्ष उपाध्यक्ष प्र प्र अ | |
| २ | टोल/बस्ती स्तरमा योजना संकलन/छनौट | २०८३ जेष्ठ १५ गते | वडा समिति | वडा सचिव/ प्राविधिक | सामुदायिक संघसंस्था, टोल विकास संस्था, आमा समूह युवा क्लब, बाल क्लब, सहकारी संस्था, विद्यालय, लक्षित समुदायका प्रतिनिधि, उपभोक्ता, नागरिक समाजका प्रतिनिधि, आम नागरिक | अध्यक्ष उपाध्यक्ष प्र प्र अ | |
| ३ | वडा स्तरीय योजना प्राथमिकिकरण गरी गाउँपालिकामा पठाउने | २०८३ जेष्ठ २० गते देखि २७ गते सम्म | वडा समिति | वडा सचिव/ प्राविधिक/वडा कर्मचारी | वडा समितिका सदस्यहरु, वडा सचिव, वडा प्राविधिक तथा अन्य आमन्त्रित प्रतिनिधि | अध्यक्ष उपाध्यक्ष प्र प्र अ | २ नं. वडा मिति २०८३/०२/२४, ४ नं. वडा २०८३/०२/२५, ५ नं. वडा २०८३/०२/२६,६ नं. वडा २०८३/०२/२७, |

| सि नं | क्रियाकलाप | मिति | जिम्मेवार शाखा/निकाय | सहयोगी शाखा/निकाय | सहभागिता | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४ | आर्थिक विकास समितिमा विषयगत छलफल एवं योजना तथा कार्यक्रमको प्रारम्भिक मस्यौदा तयारी | २०८३ जेष्ठ मसान्त सम्म | सहकारी शाखा | आर्थिक विकास समितिसँग सम्बन्धित शाखाहरु | विषयगत समितिका संयोजक, सदस्य, सहकारी संजालका प्रतिनिधि, कृषक समूह, अगुवा कृषक, पर्यटन व्यवसायी, अगुवा उद्यमी | अध्यक्ष उपाध्यक्ष प्र प्र अ | |
| ५ | सामाजिक विकास समितिमा विषयगत छलफल एवं योजना तथा कार्यक्रमको प्रारम्भिक मस्यौदा तयारी | २०८३ जेष्ठ मसान्त सम्म | शिक्षा/ स्वास्थ्य शाखा | सामाजिक विकास समितसँग शाखाहरु | समितिका अध्यक्ष, विद्यालयका प्र.अ, अस्पतालका प्रमुख, स्वास्थ्य संस्था प्रमुख, महिला संजाल, आमा समूह, अपाङ्ग संघका प्रतिनिधि, दलित, बाल क्लबका प्रतिनिधि, गैर सं सं प्रतिनिधि तथा अन्य आमन्त्रित प्रतिनिधि | अध्यक्ष उपाध्यक्ष प्र प्र अ | |
| ६ | पूर्वाधार विकास समितिमा विषयगत छलफल एवं योजना तथा कार्यक्रमको प्रारम्भिक मस्यौदा तयारी | २०८३ जेष्ठ मसान्त सम्म | प्राविधिक शाखा | पूर्वाधार विकास समिति सँग सम्बन्धित शाखाहरु | समितका संयोजक, समितिका सदस्य र अन्य आमन्त्रित प्रतिनिधि | अध्यक्ष उपाध्यक्ष प्र प्र अ | |

| सि नं | क्रियाकलाप | मिति | जिम्मेवार शाखा/निकाय | सहयोगी शाखा/निकाय | सहभागिता | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७ | वन, वातावरण तथा विपद व्यवस्थापन समितिमा विषयगत छलफल एवं योजना तथा कार्यक्रमको प्रारम्भिक मस्यौदा तयारी | २०८३ जेष्ठ मसान्त सम्म | वन तथा वातावरण शाखा | वन, वातावरण तथ विपद व्यवस्थापन समिति सँग सम्बन्धित शाखाहरु | समितका संयोजक, समितिका सदस्य, इलाका वन कार्यालयको प्रतिनिधि र अन्य आमन्त्रित प्रतिनिधि | अध्यक्ष उपाध्यक्ष प्र प्र अ | |
| ९ | सुशासन तथा संस्थागत विकास समितिमा विषयगत छलफल एवं योजना तथा कार्यक्रमको प्रारम्भिक मस्यौदा तयारी | २०८३ जेष्ठ मसान्त सम्म | प्रशासन शाखा | सुशासन तथा संस्थागत विकास समितिसँग सम्बन्धित शाखाहरु | समितका संयोजक, समितिका सदस्य, लेखा समितिका सदस्य र अन्य आमन्त्रित प्रतिनिधि | अध्यक्ष उपाध्यक्ष प्र प्र अ | |
| १० | स्थानीय राजस्व परामर्श समितिमा आर्थिक ऐनको मस्यौदा तयार | २०८३ असार ३ गते सम्म | राजस्व उपशाखा | प्रशासन, आ.प्र, सूचना प्रविधि शाखा | राजस्व परामर्श समिति सदस्य तथा अन्य आमन्त्रित प्रतिनिधि | | |

| सि नं | क्रियाकलाप | मिति | जिम्मेवार शाखा/निकाय | सहयोगी शाखा/निकाय | सहभागिता | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ११ | लेखा समिति बैठक | २०८३ जेष्ठ मसान्त सम्म | | | | | |
| १२ | विधायन समितिको बैठक | २०८३ जेष्ठ मसान्त सम्म | | | | | |
| १३ | न्यायिक समितिको बैठक | २०८३ जेष्ठ मसान्त सम्म | | | | | |
| १४ | बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट एकीकृत योजना प्रारम्भिक मस्यौदा तयार | २०८३ जेष्ठ मसान्त सम्म | | | | | |
| १५ | बजेट तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृती | २०८३ असार ५ गते सम्म | | | | | |
| १६ | बजेट तथा कार्यक्रम गाउँपालिका समक्ष पेश | २०८३ असार १० | | | | | |
| १७ | गाउँसभाबाट बजेट तथा कार्यक्रम स्वीकृती | २०८३ असार १० | | | | | |

प्रस्ताव नं. ६ माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको मध्यमकालिन खर्च संरचनाको मस्यौदा तयार गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा शाखा प्रमुखहरुलाई निर्देशन दिने ।
प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिकाको राजश्व सुधार कार्ययोजना र गाउँपालिकाको क्षमता विकास योजनाको मस्यौदा तयार गरी पेश गर्न राजश्व परामर्श समितिको संलग्नतामा शाखा प्रमुखहरुलाई निर्देशन दिने ।
प्रस्ताव नं. ८ माथि छलफल गर्दा राजश्व परामर्श समितिको मिति २०८३ साल बैशाख १६ गतेको बैठकको सिफारिस अनुसार शैलुङ गाउँपालिकाको कालापानीमा रहेका गोलघरको भ्याट बाहेक मासिक रू १,२०,०००/-(एक लाख विस हजार मात्र) तथा शैलुङ कम्युनिटी लजको भ्याट बाहेक रू ५०,०००/-(पचास हजार मात्र) न्युनतम कबोल अंक कायम गरी प्रचलित कानून तथा बागमति प्रदेश सरकार सँगको सम्झौता बमोजिम हुने गरी आय ठेक्का आह्वान गर्ने ।
प्रस्ताव नं. ९ माथि छलफल गर्दा गाउँपालिकाबाट मिति २०७७/८/१७ गतेको सूचना अनुसार कालापानीको घर/जग्गा लिजमा दिनको लागी सूचना प्रकाशित गरी बिभिन्न मितिमा विभिन्न व्यक्तिहरू सँग सम्झौता गरी ३० वर्षलाई भाडामा दिएको जग्गाहरू डिभिजन बन कार्यालयको पत्रानुसार वन क्षेत्रमा पर्ने देखिएको, गृह मन्त्रालयको च.नं. ६५०, मिति २०८३/१/१७ को परिपत्र बमोजिम र प्रचलित कानून सँग प्रतिकुल देखिएको हुँदा सो सम्झौताहरू रद्द गरी सूचना प्रकाशन गर्ने ।
प्रस्ताव नं. १० माथि छलफल गर्दा मिति २०८३ साल बैशाख ५ गते देखि ७ गते सम्म जिल्ला खेलकुद विकास समितिको आयोजना तथा शैलुङ गाउँपालिकाको व्यवस्थापनमा शैलुङ रङ्गशालामा भएको १२ औं अन्तरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ को समिक्षा गर्दै सो कार्यक्रममा भएको तपसिल बमोजिमको खर्च अनुमोदन गर्ने ।
तपसिल

| १२ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता २०८२ खर्च विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | पसलको नाम | जम्मा | कैफियत |
| १ | युनाइटेड ट्रेड कन्सन | ३,४३,९७२.०० | |
| २ | रेफ्री भत्ता | १,६१,५००.०० | |
| ३ | रेफ्री यातयात | २३,५००.०० | |
| ४ | घिमिरे स्पोर्ट | १४,२००.०० | |
| ५ | ए पी अवार्ड | ५०,३५२.०० | |
| ६ | राष्ट्रिय झण्डा ब्याज (बागबजारबाट) | १३,५२०.०० | |
| ७ | मेडिकल सामाग्री काठमाडौँ | १४,५००.०० | |
| ८ | पानी | ११,५२०.०० | |
| ९ | रेफ्रि खाना बस्न रमेश | ५७,६१५.०० | |

| | | | |
|---|---|---|---|
| १० | रेफ्रि कोठा भाडा  धुर्व सरकोमा | ६,०००.०० | |
| ११ | पुरस्कार(जिल्ला स्तरीय) | ७५,०००.०० | |
| १२ | सुनिल दाई | १५,७८०.०० | |
| १३ | बनेपा चुना काटी डोरी जाली | १४,९००.०० | |
| १४ | थप मेडिकल सामाग्री | ३,५००.०० | |
| १५ | इन्धन सुनिल दाइ | ५,०००.०० | |
| १६ | खादा कपडा रिकस्न फेन्सी | ११,८००.०० | |
| १७ | कालीभगवती स्टेशनरी | २,८३०.०० | |
| १९ | खाना खर्च क्यान्टिन | २,७१,२३०.०० | |
| २० | खाना खर्च दुर्गा होष्टल | ७२,०००.०० | |
| २१ | खाना पकाएको  ज्याला (दुर्गा मा.वि. ) | १६,०००.०० | |
| २२ | स्वयमसेवक ज्याला | ३०,०००.०० | |
| २३ | यातयात (विद्यार्थी पुर्याएको ) | १४,०००.०० | |
| २४ | रेडबुल /खाजा | ४,५००.०० | |
| २५ | पानी मर्मत | ६००.०० | |
| २६ | तयारी खर्च  (विद्यालयमा निकाशा गर्ने) | ७०,०००.०० | |
| | जम्मा | १३,२३,२३९.०० | |

प्रस्ताव नं. ११(क) शैलुङ गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत योजना तथा कार्यक्रमको उपभोक्ता समितिबाट कार्यान्वियन भईरहेका तपसिल बमोजिमका उपभोक्ता समितिको कार्य सम्पन्न गर्ने जेष्ठ २५ गते सम्म हुने गरी थप गर्ने ।

तपसिल

**उपभोक्ता समितिबाट कार्यान्वयन हुनेगरी सम्झौता भई सम्पन्न हुने अवधि नाघेका योजनाहरु:**

| क्र सं | योजनाको नाम | वडा नं | बजेट रकम रु | सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| १ | खानेपानी व्यवस्थापन वडा भर | ६ | ५००००० | २०८२/१२/३० |
| २ | नाईकेटोल पहिरो नियन्त्रण | २ | ३००००० | २०८२/१२/२५ |

| | | | | |
|---|---|---|---|---|
| ३ | भुङ्सत्पा सिंचाई पुननिर्माण तथा पाईप जडान | २ | ४००००० | २०८२/१२/२५ |
| ४ | दलित वस्ती खोल्सो नियन्त्रण | २ | ३००००० | २०८२/१२/१० |
| ५ | गुरुरेम्पोर्चे पार्क निर्माण | १ | ५००००० | २०८२/१२/१० |
| ६ | महादेव प्रा वि व्यवस्थापन | ८ | १००००० | २०८२/१२/३० |
| ७ | शैलुङ्गेश्वर आवि पाडेखानी भौतिक व्यवस्थापन | ८ | ४००००० | २०८२/१२/३० |
| ८ | राहुँटोल खानेपानी आयोजना | ८ | २००००० | २०८२/१२/३० |
| ९ | शैलुङ झोर जोरधारा सडक | ८ | ५००००० | २०८२/१२/३० |
| १० | पहरिखर्क आचार्यटोल खानेपानी आयोजना | ८ | २००००० | २०८३/०१/२० |
| ११ | पैति स्कुल दाङ सडक | ८ | ५००००० | २०८२/१२/३० |
| १२ | बाँकेखोला आरसिसि पुल निर्माण | ८ | २००००० | २०८२/१२/३० |
| १३ | पहरिखर्क युवा क्लब भौतिक व्यवस्थापन | ८ | २००००० | २०८३/०१/१० |
| १४ | झोरखोला घाट व्यवस्थापन | ८ | ५००००० | २०८२/१२/३० |
| १५ | साननागी कुविण्डे सडक | ८ | ४००००० | २०८२/१२/३० |
| १६ | शैलुङ हिलटन आवि भौतिक व्यवस्थापन | ८ | ६००००० | २०८२/१२/३० |
| १७ | कोसेली घर भौतिक व्यवस्थापन | ८ | ५००००० | २०८२/१२/३० |
| १८ | चिसापानी ढाड लाम्चेआहाल सडक स्तरोन्नति | ३ | ५००००० | २०८२/१२/३० |
| १९ | लाम्चेआहाल प्रतिक्षालय निर्माण | ३ | १००००० | २०८२/१२/३० |
| २० | छाङखोला फड्के पुल निर्माण | ३ | १००००० | २०८२/१२/२५ |
| २१ | नविन मावि होस्टेल व्यवस्थापन | २ | ५००००० | २०८२/१२/३० |
| २२ | सडक सरसफाई ट्र्याक स्तरोन्नति (माथिल्लो दाङ र चिलाउने गोरखटोल) | ८ | ७००००० | २०८२/१२/०५ |
| २३ | थगम महाभारेच्यात टोल खानेपानी व्यवस्थापन | २ | ४००००० | २०८३/०१/२० |
| २४ | चोरनागी भित्तरे सडक | ८ | ५००००० | २०८२/१२/३० |
| २५ | थगम अधुरो छयोर्तेन निर्माण | २ | ३५०००० | २०८३/०१/१५ |
| २६ | हुलाके सोतेसिम खानेपानी योजना | ६ | ३००००० | २०८३/०१/१५ |

| | | | | |
|---|---|---|---|---|
| २७ | पाटा बीचटोल क्युईवाजी खानेपानी | २ | ३००००० | २०८२/१२/३० |
| २८ | भोटेखर्क रातोघर खानेपानी आयोजना | ३ | १५०००० | २०८२/१२/३० |
| २९ | दुर्गा मावि सिढी निर्माण | ४ | २००००० | २०८२/११/३० |

| सि.नं. | नाम थर | कार्यरत विद्यालय |
|---|---|---|
| १ | बालकृष्ण दाहाल | प्रधानाध्यापक , दुर्गा माध्यमिक विद्यालय |
| २ | सिद्धि बहादुर खड्का | सामाजिक शिक्षक , कालिका माध्यमिक विद्यालय |
| ३ | बाबुकाजी दाहाल | शिक्षक , वीरेन्द्र माध्यमिक विद्यालय |
| ४ | खेमराज भट्टरराई | प्रधानाध्यापक , विरेन्द्र माध्यमिक विद्यालय |
| ५ | विदुर प्रसाद सापकोटा | प्रधानाध्यापक , नमुना आधारभुत विद्यालय |
| ६ | विष्णु बहादुर बस्नेत | सामाजिक शिक्षक , दुर्गा माध्यमिक विद्यालय |
| ७ | राजेश्वरी श्रेष्ठ | शिक्षक , दुर्गा माध्यमिक विद्यालय |
| ८ | भवनाथ घिमिरे | नेपाली शिक्षक , कालिका माध्यमिक विद्यालय |
| ९ | हरी बहादुर घतानी | विज्ञान शिक्षक , दुर्गा माध्यमिक विद्यालय |
| १० | नारायण बुढाथोकी | प्रधानाध्यापक , साँगुते माध्यमिक विद्यालय |
| ११ | बासुदेव दुलाल | प्राथमिक शिक्षक , वीरेन्द्र माध्यमिक विद्यालय |

प्रस्ताव नं. ११(ख) माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको स्थानीय पाठ्यपुस्तक लेखन कार्यका लागि तपसिल बमोजिम हुने गरी लेखन समिति गठन गर्ने ।

तपसिल

प्रस्ताव नं. ११(ग) माथि छलफल गर्दा राष्ट्रिय आर्थिक गणना, २०८२ सम्बन्धि तपसिल बमोजिम हुने गरी स्थानीय तह आर्थिक गणना समन्वय समिति गठन गर्ने ।

तपसिल

| क्र.स. | नाम,थर | पद | समितिको | कैफियत |
|---|---|---|---|---|
| १ | रिमल बाबु श्रेष्ठ | अध्यक्ष, शैलुङ गाउँपालिका | संयोजक | |
| २ | पार्वती कार्की | उपाध्यक्ष, शैलुङ गाउँपालिका | सदस्य | |
| ३ | बिनोद कुमार श्रेष्ठ | प्रतिनिधि, उद्योग बाणिज्य संघ | सदस्य | |
| ४ | भक्त बहादुर श्रेष्ठ | प्रतिनिधि, निर्माण व्यवसायी संघ शैलुङ शाखा | सदस्य | |
| ५ | ज्ञानु श्रेष्ठ | प्रतिनिधि, व्यापारी | सदस्य | |
| ६ | हरी बहादुर ठकुरी | स.ई. | सदस्य | |
| ७ | संजिव न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

प्रस्ताव नं. ११(घ) माथि छलफल गर्दा छलफल गर्दा संघीय सरकार ससर्त कार्यक्रम विद्यालयमा भर्चुअल लर्निङ , पुस्तकालय , इलर्निङ र विज्ञान प्रयोगशालाका लागि सामाग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन कार्यक्रममा रु.१०,०००००।– (रू दश लाख) रकम विनिजोजन रहेको र यस गाउँपालिकाले प्रस्ताब पेशका लागि सूचना प्रकाशन गरेकोमा ४ वटा विद्यालयहरुले प्रस्ताव पेश गरेकोमा कार्यक्रम कार्यान्वयन कार्याविधिमा रहेको ४ वटा आधारका विषयमा छलफल गर्दा उच्च विद्यार्थी रहेको , कक्षा ९,१० मा कम्प्युटर विषय पठनपाठन भईरहेको हुनाले यस गाउँपालिकाको वडा नं. ४ मा सञ्चालित श्री दुर्गा माध्यमिक विद्यालयलाई छनोट गर्ने ।

प्रस्ताव नं. ११(ङ) माथि छलफल गर्दा महाभारत शैलुङ कन्स्ट्रक्सन प्रा.लि., शैलुङ-४, दोलखाको च.नं. २७ मिति २०८३/०१/२२ को पत्रानुसार ठेक्का नं. SRM/NCB/W/12/2082/083, हुलाके सडक लमाई गाउँ पस्ने सडकको म्याद थपको लागि प्रतिनिधि सभा चुनाव, मध्यपूर्वी क्षेत्रमा उत्पन्न द्वन्दको कारण इन्धनमा भएको महँगीको कारण देखाई म्याद थपको लागि निवेदन पेश गरेको हुँदा सो सडकको कार्य सम्पन्न गर्ने अवधी जेष्ठ मसान्त सम्म थप गर्ने ।